# कर्मचारीको तह तथा स्तरबृद्धी सम्बन्धि ऐन, २०७९

मोलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा ओखलढुंगा १ नं प्रदेश नेपाल

## प्रस्तावना

नेपालको संबिधान र स्थानिय सरकार संचालन ऐन २०७४ को व्यवस्थालाई समेत मध्यनजर गरि साबिक स्थानिय निकायमा स्थयी रुपमा कार्यरत रही मोलुङ गाउँपालिकामा समायोजित कर्मचारीको तह तथा स्तरबृद्धी सम्बन्धमा आवाश्यक कानुनी ब्यबस्था गर्न वान्छनीय भएकाले मोलुङ गाउँपालिकाको बैठकमा यो बिधेयक प्रस्तुत गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः १ यो ऐनको नाम कर्मचारीको तह तथा स्तरबृद्धी सम्बन्धि ऐन २०७९ रहेको छ ।

२.यो ऐनको प्रारम्भ स्थानिय राजपत्रमा प्रकाशन भएको मिति बाट लागु हुने हुनेछ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क)"गाउँपालिका" भन्नाले मोलुङ गाउँपालिकालाई सम्झनुपर्दछ।

(ख) "कार्यालय" भन्नाले मोलुङ गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउछ ।

(ग) "अध्यक्ष" भन्नाले मोलुङ गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले मोलुङ गाउँपालिकाको गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय पद " भन्नाले गाउँपालिकाको गाउँसभाद्वारा स्वीकृति दरबन्दीका पदलाई सम्झनु पर्दछ।

(छ) "प्रहरी " भन्नाले मोलुङ गाउँपालिकाद्वारा नियुक्त गाउँ प्रहरी र बारुणयन्त्र कर्मचारीलाई सम्झनु पर्दछ।

(ज) "कार्यपालिका" भन्नाले मोलुङ गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्दछ।

(झ) "गाउँसभा" भन्नाले मोलुङ गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।

(ञ)"कर्मचारी" भन्नाले साबिक स्थानीय निकाय (गा.वि.स.,न.पा,र जि.वि.स.) मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन , २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी सम्झनु पर्दछ।

(ट)"तोकिएको वा तोकिए बमोजिम" भन्नाले गाउँपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम बनाएको नियमावली, कार्यविधि, निर्देशिका एबंम समय समयमा कार्यपालिकाले निर्णय गरि तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ठ)"तह तथा स्तरबृद्धी" भन्नाले साबिक स्थानीय (गा.वि.स.,न.पा र जि.वि.स )मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन ,२०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी हरुको तह तथा स्तरबृद्धी सम्झनु पर्दछ ।

## परिच्छेद २

## तह तथा स्तरबृद्धी सम्बन्धमा

३.तह तथा स्तरबृद्धी सम्बन्धि बिशेष ब्यबस्थाः १. कर्मचारी समायोजन ऐन,२०७५ अनुसार तह तथा स्तरबृद्धी नपाएका साबिक स्थानीय निकाय (गा.वि.,स.न.पा र जि.वि.स.) मा स्थायी नियुक्ति पाई मोलुङ गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्ये श्रेणी बिहिन कर्मचारी र अन्य सेवाका कर्मचारीहरुको ५ बर्ष सेवा अबधि पुरा भई सेवाकालीन तालिममा सहभागिता जनाई प्रमाण पत्र हासिल गरेका, विभागीय कारबाही नपरेका र पछिलो ३ बर्षको कार्य सम्पादन मुल्याङ्कनमा कम्तिमा ६० अंक प्राप्त गरेका स्थायी कर्मचारीहरुलाई ऐन जारि भएपछि एक पटकको लागि मात्र तह तथा स्तरबृद्धी सम्बन्धि बिशेष ब्यबस्था गरि एक तह माथिको पदमा तह तथा स्तरबृद्धी गरिने छ।

२. तह तथा स्तरबृद्धीको प्रक्रिया दफा ४ बमोजिमको समितिले तत्काल अघि बढाउने छ।

३.तह बृद्धी तथा स्तरबृद्धीको लागि सेवा गणना गर्दा सो को लागि दरखास्त दिने अन्तिम दिन समको गणना गरिनेछ |

४ .यस ऐन बमोजिम हुने तह तथा स्तरबृद्धीको लागि आबेदन फारम भरी दर्ता गराउनका लागि ७ दिनको म्याद दिई गाउँकार्यपालिकाको कार्यालयमा सुचना प्रकाशन गरिनेछ।

५. उपदफा ४ बमोजिम प्राप्त हुन आएका आबेदकहरुको दर्खास्त मध्ये बाट मुल्याकन गरि ३ दिन भित्र दफा ४ बमोजिमको समितिले तह तथा स्तरबृद्धीका लागि सिफारिस गर्नु पर्ने छ।

## परिच्छेद ३

## तह तथा स्तर बृद्धी सम्बन्धि ब्यबस्था

४. तह बृद्धीका लागि समिति गठन ब्यबस्थाः १ यस ऐन बमोजिम कर्मचारीको तह बृद्धी र स्तरबृद्धी गर्न देहाय बमोजिमको एक समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा सातौ तहको अधिकृत- संयोजक

(ख) लोकसेवा आयोगको प्रतिनिधि - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

५.जेष्ठता निर्धारणको आधारः जेष्ठता निर्धारणको आधारमा तह वा स्तरबृद्धी भएको कर्मचारी हरुको जेष्ठता निर्धारण गर्दा तह वा स्तरबृद्धी भएको तह भन्दा अघिल्लो तहमा नियूक्ती वा बढुवा पाउदा कायम भएको जेष्ठतालाई नै जेष्ठता निर्धारणको आधार मानिने छ।

६ पदस्थापन सम्बन्धी व्यवस्थाः यस ऐन बमोजिम तह तथा स्तरबृद्धी भएका कर्मचारीहरुको मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापना गर्नुपर्नेछ।

७. खारेजी र वचाउः यस भन्दा अगावै कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका अन्य सेवाका कर्मचारीहरु यसै ऐन वमोजिम भएको मानिने छ।